Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS
KAMALADI, KATHMANDU

Unaudited Financial Results (Quarterly)

As at First Quarter (31/06/2070) of the Fiscal Year 2070/71 **Rs. in '000**

S.No.	Particulars	This Quarter Ending on 31.06.2070	Previous Quarter Ending on 31.03.2070	Corresponding Previous Year Quarter Ending on 30.06.2069
1	**Total Capital and Liabilities (1.1 to 1.7)**	**29,325,516**	**26,376,885**	**20,722,446**
1.1	Paid Up Capital	2,101,840	2,101,840	2,101,840
1.2	Reserve and Surplus	381,673	277,885	246,972
1.3	Debenture and Bonds		-	-
1.4	Borrowings	823,200	336,175	41,825
1.5	Deposits (a+b)	23,276,388	22,743,104	17,598,821
	a. Domestic Currency	22,725,118	22,216,064	17,206,396
	b. Foreign Currency	551,270	527,041	392,425
1.6	Income Tax Liability	44,480	25,145	-
1.7	Other Liabilities	2,697,935	892,736	732,987
2	**Total Assets (2.1 to 2.7)**	**29,325,516**	**26,376,885**	**20,722,446**
2.1	Cash and Bank Balance	3,916,328	4,581,285	2,672,055
2.2	Money at Call and Short Notice	479,211	243,756	18,500
2.3	Investments	2,589,819	2,719,991	1,533,348
2.4	**Loans and Advances(a+b+c+d+e+f)**	**19,335,380**	**17,959,321**	**15,597,219**
	a. Real Estate Loan	2,696,744	2,763,774	2,709,382
	1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million)	424,378	399,393	303,870
	2. Business Complex and Residential Appartment Construction Loan	551,632	552,798	580,783
	3. Income Generating Commercial Complex Loan	136,309	141,261	-
	4. Other Real Estate Loans (Including Land Purchase & Plotting)	1,584,425	1,670,322	1,824,729
	b. Personal Home Loan of Rs. 10 million or less	823,319	718,012	422,673
	c.Margin Type Loan	122,570	93,482	93,309
	d.Term Loan	3,401,951	3,066,950	2,995,129
	e.Overdraft Loan /TR Loan/WC Loan	8,117,684	7,084,447	6,100,744
	f.Others	4,173,112	4,232,657	3,275,982
2.5	Fixed Assets	550,385	554,867	571,365
2.6	Non Banking Assets		-	-
2.7	Other Assets	2,454,394	317,665	329,958
3	**Profit and Loss Account**	**UP to This Quarter End**	**Previous Quarter End**	**Corresponding Previous Year Quarter End**
3.1	Interest Income	589,361	2,211,981	511,520
3.2	Interest Expenses	361,432	1,176,910	277,724
	A. Net Interest Income (3.1-3.2)	**227,929**	**1,035,071**	**233,796**
3.3	Fees, Commission and Discount	19,545	52,569	20,571
3.4	Other Operating Income	28,733	134,436	43,910
3.5	Foreign Exchange Gain/Loss (Net)	27,077	27,171	350
	B. Total Operating Income (A + 3.3+3.4+3.5)	**303,283**	**1,249,247**	**298,627**
3.6	Staff Expenses	42,299	144,435	39,753
3.7	Other Operating Expenses	57,500	245,300	53,989
	C. Operating Profit Before Provision (B - 3.6-3.7)	**203,484**	**859,512**	**204,885**
3.8	Provision for Possible Losses	71,453	291,988	102,474
	D. Operating Profit (C - 3.8)	**132,030**	**567,524**	**102,411**
3.9	Non Operating Income/Expenses (Net)	391	10,300	2,963
3.10	Write Back to Provision for Possible Loss	23,252	131,204	-
	E. Profit from Regular Activities (D + 3.9+3.10)	**155,672**	**709,028**	**105,374**
3.11	Extraordinary Income/Expenses	7,422	(82,006)	-
	F. Profit before Bonus and Taxes (E + 3.11)	**163,094**	**627,022**	**105,374**
3.12	Provision for Staff Bonus	14,827	57,002	9,579
3.13	Provision for Tax	44,480	156,775	28,738
	G. Net Profit/Loss (F - 3.12-3.13)	**103,787**	**413,245**	**67,057**
4	**Ratios (Mandatory)**	**At the End of This Quarter**	**At the End of Previous Quarter**	**At the end of Corresponding Previous Year Quarter**
4.1	Capital Fund to RWA	10.55%	11.89%	13.30%
4.2	Non Performing Loan (NPL) To Total Loan	2.66%	2.01%	2.40%
4.3	Total Loan Loss Provision to NPL	88.42%	109.82%	104.00%
4.4	Cost of Funds	6.44%	6.72%	6.44%
4.5	Credit to Deposit Ratio (Calculated as per NRB Directives)	75.72%	73.09%	79.79%
4.6	Base Rate	8.99%	9.72%	
	Other Key Indicators			
1	Average Yield	11.43%	11.54%	12.60%
2	Net Interest Spread	4.99%	4.82%	6.16%
3	Return on Equity (ROE)	16.72%	17.37%	11.42%
4	Return on Assets (ROA)	1.42%	1.57%	1.29%
5	Liquidity Ratio	22.85%	32.28%	23.25%
6	Home Loans and Real Estate Loans to Total Loans	18.21%	19.39%	20.08%
7	Other Real Estate Loans (Including Land Purchase & Plotting) to Total Loans	8.19%	9.30%	11.70%

* Figures have been regrouped/rearranged whereever necessary
** Above figures are subject to change upon otherwise instructions of Statutory Auditors and/or Regulatory Authorities

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को अनुसूची १४

(नियम २२ को उपनियम (२) सँग सम्बन्धित)

१) वित्तीय विवरण

(क) त्रैमासिक अवधिको वासलात, नाफा-नोक्सान सम्बन्धी विवरण । यस बैंकको त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरु

प्रति शेयर आम्दानी	रु.१९.७५	प्रति शेयर कुल सम्पत्ति मूल्य	रु. १३९५.२३
मूल्य आम्दानी अनुपात	१२.६६ प्रतिशत	तरलताको अनुपात	२२.८५ प्रतिशत
प्रति शेयर नेटवर्थ	रु. ११८.१६		

२) व्यवस्थापकीय विश्लेषण :

(क) हालसम्म यस बैंकको वित्तीय स्थिति व्यवस्थापनले प्रक्षेपण गरे अनुरुप नै रहेको छ । निक्षेप, कर्जा तथा मुनाफाको वृद्धि सम्बन्धमा वित्तीय विवरणले नै प्रस्ट पार्दछ। संस्थाको मौज्दात, आम्दानी तथा तरलता सन्तोषजनक नै रहेको छ।

(ख) व्यवसायिक संजाल वृद्धि, व्यवसाय विविधीकरण तथा गुणस्तरीय सेवा प्रदान गर्ने बैंकको उद्देश्य रहे बमोजिम शाखा विस्तार गर्दै लैजानुका साथै शाखा रहित बैकिङ्ग (Branch Less Banking) का माध्यमबाट ग्रामिण क्षेत्रमा बैकिङ्ग पहुँचमा बृद्धि गर्दै लैजाने तथा ग्राहकमुखी नयाँ सेवा तथा सुविधा सुरु गर्ने योजना रहेको छ ।

(ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएको छैन ।

३) कानूनी कारवाही सम्बन्धी विवरण :

(क) यस अवधिमा बैंकले वा बैंकको विरुद्ध कुनै मुद्दा दायर भए नभएको :
यस अवधिमा बैंक विरुद्ध एउटा मुद्दा दायर भएको ।

(ख) बैंकको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै किसिमको मुद्दा दायर भए नभएको :
यस सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको ।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भए नभएको :
यस सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको ।

४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

(क) धितोपत्र बजारमा भएको बैंकको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणाः
देशको धितोपत्र बजारमा संगठित संस्थाहरुको शेयर कारोवारमा हाल देखिएको उतार चढावका बाबजुद पनि यस बैंकको शेयर कारोवार सन्तोषजनक रहेको छ ।

(ख) यस अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्याः
यस अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्याको विवरण देहाय बमोजिम रहेको छ :

अधिकत्तम मूल्य	रु. २८६।००	कुल कारोवार शेयर संख्या	२०४,४०३
न्यूनतम मूल्य	रु. २२७।००	कुल कारोवार दिन	६०
असोज मसान्तको अन्तिम मूल्य	रु. २५०।००	कुल कारोवार संख्या	१,३२४

५. समस्या तथा चुनौती

(क) आन्तरिक समस्या तथा चुनौती
बैंकिंग क्षेत्रमा तीव्र प्रतिस्पर्धा हुनु, लगानीयोग्य क्षेत्रको अभाव हुनु, बैंकिंग क्षेत्रमा दक्ष जनशक्तिको अभाव हुनु जस्ता आन्तरिक समस्या रहेको विद्यमान परिप्रेक्ष्यमा बैंकको मुनाफा वृद्धि गर्ने कार्य चुनौती पूर्ण रहेको छ ।

(ख) बाह्य समस्या तथा चुनौती
विश्वव्यापी आर्थिक मन्दी, मुलुकको आर्थिक वृद्धिदर न्यून हुनु, लगानी मैत्री वातावरण नहुनु, औद्योगिक तथा व्यापारी क्षेत्रमा श्रम समस्या रहनु, उर्जा संकटलगायत समय-समयमा बन्द हडताल भई रहनु नै प्रमुख बाह्य समस्या हुन् । यस्ता समस्या विद्यमान रहेको अवस्थामा बैंकको कारोबार विस्तार गर्नु चुनौती पूर्ण छ ।

(ग) रणनीति
बैंकले विभिन्न व्यवसायिक संघ-संस्था लगायत व्यक्तिगत ग्राहकहरुसँगको सम्बन्ध सुमधूर बनाउनका लागि छिटो एवं छरितो तवरले ग्राहकमुखी सेवाहरु उपलब्ध गराउनु नै चुनौती समाधान गर्ने आफ्नो रणनीति मानेको छ ।

६. संस्थागत सुशासन

(क) नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम संस्थागत सुशासन अभिवृद्धिको लागि आन्तरिक प्रणाली व्यवस्थित गर्न आन्तरिक लेखापरीक्षक नियुक्त गरिएको तथा लेखापरीक्षकबाट दिइएको सुझाव तथा निर्देशनहरु व्यवस्थापन मार्फत कार्यान्वयन गराउन लेखापरीक्षण समिति सदैव क्रियाशील रहेको छ ।

(ख) संचालन जोखिम कम गर्न तथा कामलाई व्यवस्थित गर्न जोखिम व्यवस्थापन समिति गठन गरिएको छ । साथै विभिन्न आन्तरिक नीति, नियम तथा निर्देशिकाहरु जारी गरी लागू गरिएको छ । कारोवारलाई छिटो-छरितो, चुस्त तथा वैज्ञानिक बनाउन व्यवस्थापन तहमा व्यवस्थापन समिति (Executive Committee), कर्जा समिति, सम्पत्ति दायित्व समिति (ALCO) लगायतका विभिन्न समितिहरु क्रियाशील रहेका छन् ।

(ग) बैंक संचालक समिति तथा ब्यवस्थापन आफ्ना शेयरधनीहरु, सर्वसाधारण निक्षेपकर्ताहरु लगायत सम्पुर्ण सरोकारवालाहरुको हितको संरक्षण तथा संस्थागत सुशासन प्रति सदैव सजग तथा प्रतिवद्ध रहेको छ ।

७. सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण
आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरु शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्तालाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

प्रमुख कार्यकारी अधिकृत

www.ctznbank.com